प्युठान जिल्लाको ढुङ्गेठाटीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ भाद्र २५ गतेदेखि २७ गतेसम्म प्यूठान जिल्लाको प्यूठान नगरपालिका वडा नं. ५ को वडा कार्यालयको हल ढुङ्गेठाटीमा “ब्यवसायिक तरकारी खेती तालिम” सम्पन्न गरेको संस्थाका बिजुवार शाखा कार्यालयका शाखा प्रमुख श्री अर्जुन प्रसाद शर्माले जानकारी गराएका थिए। यस तालिममा २ जना बाहिरी विशेषज्ञ, शाखा प्रमुख श्री अर्जुन प्रसाद शर्मा र कार्यक्रम अधिकृत श्री जिताराम गौतम तालिमका प्रशिक्षक रहेका थिए।

लघुउद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री जिताराम गौतमले बताएका थिए। तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बिजुवार शाखाका प्रमुख अर्जुन प्रसाद शर्माले प्रकाश पारेका थिए।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । संस्थाले २०७६ श्रावण मसान्तसम्ममा ३ लाख ५८ हजार ६ सय १ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ श्रावण मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६० करोड ८५ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १४ करोड ९७ लाख बचत परिचालन गरेको छ ।

तरकारी खेती परिचय, हिउँदे तरकारी खेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गाँठ गोबी), करेसाबारीको परिचय र महत्व, साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि, तरकारीको नर्सरी बनाउने तरीका, लहरे तरकारी खेती प्रविधि (लौका, काक्रो, फर्सी, करेला, घिरौला जरे तरकारी (मुला, गाजर, सलगम) र कोसे तरकारी (सिमि, बकुला, बोडी, केराउ) खेती प्रविधि, तरकारी खेतीमा मलखादको प्रयोग, सिंचाई तथा व्यवस्थापन, साग बाली खेती र बेमौसमी तरकारी खेती प्रविधि तरकारी बालीमा लाग्ने रोग तथा कीराहरुको जानकारी तथा बिषादी व्यवस्थापन, तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन (कसरी बढी मूल्य पार्ने) तथा बजार व्यवस्थापन लगायतका बिषयहरुमा बिशेषज्ञ प्रविधिकहरु मार्फत तालिम प्रदान गरिएको थियो । बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको बिजुवार शाखाका प्रमुख श्री अर्जुन प्रसाद शर्माले बताएका थिए । व्यवसायिक रुपमा तरकारीखेती गर्न इच्छुक संस्थाकाग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममासहभागी गराईएको संस्थाका कार्यक्रम व्यवस्थापक श्री जिताराम गौतमले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री पिपला पुन मगर र श्री दोमन्ती जैसीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारीखेती गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.